# घर/जग्गा खरिदको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/१२/१२**

यस कम्पनीले नेपाल बीमा प्राधिकरणबाट जारी भएको निर्देशनको अधिनमा रही कार्यालय तथा व्यवसायिक प्रयोजनका लागि तपशिल वमोजिमको घरजग्गा खरिद गर्न आवश्यक भएकोले घरजग्गा बिक्री गर्न इच्छुक व्यक्ति/संघ संस्थाहरुबाट तपशिलमा उल्लेखित शर्त बन्देजहरूको अधिनमा रही बिक्री प्रस्ताव यस कम्पनीको प्रधान कार्यालय, क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौंमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| स्थान | घर सहित वा घर रहित जग्गाको क्षेत्रफल |
|---|---|
| विर्तामोड नगरपालिका क्षेत्र भित्र | १० (दश) आना वा ३,४२२ वर्ग फिट देखि माथी |
| विराटनगर महानगरपालिका क्षेत्र भित्र | |
| जनकपुरधाम उप-महानगरपालिका क्षेत्र भित्र | |
| भरतपुर महानगरपालिका क्षेत्र भित्र | |
| बुटवल उप-महानगरपालिका क्षेत्र भित्र | |
| नेपालगञ्ज उप-महानगरपालिका क्षेत्र भित्र | |
| कोहलपुर नगरपालिका क्षेत्र भित्र | |
| वीरेन्द्रनगर नगरपालिका क्षेत्र भित्र | |
| धनगढी उप-महानगरपालिका क्षेत्र भित्र | |

१. इच्छुक व्यक्ति/संघ संस्थाहरुबाट यो सुचना प्रकाशित भएको मितिले २१औं दिनको कार्यालय समय भित्र बिक्री प्रस्ताव पेश गर्नुपर्नेछ । बिक्री प्रस्ताव पेश गर्ने अन्तिम दिन तथा खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा सो बिदाको भोलि पल्टलाई प्रस्ताव पेश गर्ने अन्तिम दिन तथा खोलिने दिन मानिनेछ । साथै सो प्रस्ताव पेश गर्ने अन्तिम दिनको भोलिपल्ट यस कम्पनीको प्रधान कार्यालयमा खोलिने छ ।

२. प्रस्तावित घरजग्गा करिब ८.५ मिटरको मुल सडकसँग जोडिएको हुनु पर्नेछ ।

३. बिक्री गरिने घरजग्गाको प्रति रोपनी मूल्य स्पष्ट खुल्ने गरी अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ, सो सम्बन्धमा कुनै विवाद उठेमा अक्षरमा लेखिएको मूल्यलाई कायम गरिनेछ ।

४. उक्त घरजग्गाको कित्ता नं. स्पष्ट देखिने ब्लुप्रिन्ट नक्सा अनिवार्य रूपमा समावेश भएको हुनुपर्नेछ ।

५. घरजग्गाको स्थान खुल्ने नक्सा (Location Map) र सो नक्सामा जग्गाको सिमाना चिन्ह लगाई नक्सा पेश गर्नुपर्नेछ ।

६. उक्त जग्गामा कम्पनीका लागि उपयुक्त हुने भवन निर्माण भएको भए नक्सा तथा निर्माण सम्पन्न प्रमाण-पत्र र निर्माणाधिन अवस्थामा रहेको भए सम्बन्धित निकायबाट प्रदान गरिएको भवन निर्माण ईजाजत-पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

७. प्रस्तावित घरजग्गाको प्रमाणितरूपमा जग्गाधनीको आवेदन वा आवेदन दिन अख्तियारीनामा कागजात, जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि, जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

८. जग्गाधनी दर्ता प्रमाणपत्रमा उल्लेखित जग्गाको क्षेत्रफल र फिल्डमा नाँपजाँच गर्दा यकिन भएको क्षेत्रफल मध्ये जुन कम हुन्छ सोहि क्षेत्रफल कायम गरिनेछ ।

९. संस्थागत घरजग्गाको हकमा जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपि र अख्तियारी प्राप्त व्यक्तिको पहिचान तथा अख्तियारीनामा कागजात समेत पेश गर्नुपर्नेछ ।

१०. प्रस्ताव पेश गर्दा खाममा "नेपाल लाइफका लागि घरजग्गा बिक्री प्रस्ताव" उल्लेख गरी कुन स्थानको हो सो समेत खाममा खुलाई तोकिएका म्याद भित्र तल दिएको ठेगानामा दर्ता गराउनु पर्नेछ ।

११. उल्लेखित घरजग्गाको सम्बन्धमा कुनै प्रकारको विवाद, मुद्दा मामिला नरहेको हुनुपर्नेछ र सो को स्वःघोषणा पेश गर्नुपर्नेछ ।

१२. उल्लेखित घरजग्गाका कुनै पनि प्रकारले बैंक तथा वित्तीय संस्था वा अन्य निकायमा धितो जमानतको रूपमा रही रोक्का रहेको भए सो को सम्पूर्ण विवरण समेत पेश गर्नुपर्नेछ ।

१३. प्रस्तावित घरजग्गा खरिदको प्रक्रिया अगाडि बढाउने/नबढाउने, खरिद गर्ने/नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ ।

**नेपाल लाइफ**
इन्स्योरेन्स


नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
रजिष्टर्ड कार्यालयः वीरगञ्ज, पर्सा
प्रधान कार्यालयः क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं
फोन नम्बरः ९७७-१-५९७०९७१
इमेलः info@nepallife.com.np
वेबसाइटः www.nepallife.com.np